प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम कार्यविधि, २०७६

**प्रस्तावना:** खाद्य पोषणमा टेवा पुऱ्याउन एवं फलफूलमा आत्मनिर्भर भई क्रमशः आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सभाव्य फलफूलको क्षेत्र विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै यस क्षेत्रको थप व्यवसायिकरण गर्नु जरुरी छ । तर गुणस्तरीय बिरुवा चाहेजति प्राप्त नहुँदा अपेक्षाकृत रुपमा फलफूलको विकास र विस्तार हुन सकेको देखिँदैन । यसको लागि विभिन्न किसिमका संरचनाहरु निर्माण गरी फलफूलका बिरुवाहरु उत्पादन गर्ने तथा भएका नर्सरीहरुको स्तरोन्नती एवं सुदृढीकरण गर्ने जस्ता क्रियाकलापहरु सञ्चालन गरी फलफूलका बिरुवाहरुको उपलब्धता गराउनु आवश्यक देखिएको छ । तसर्थ, वृहत क्षेत्रमा फलफूल खेती गर्न एवं यसको व्यवसायिकरण गर्न आधुनिक तवरले नर्सरीहरुको विकास एवम् विस्तार गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्न छनौट भएका कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थाहरूलाई सम्झनु पर्छ ।

(ख) **"अनुदान"** भन्नाले कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने प्राविधिक र आर्थिक साझेदारीलाई सम्झनु पर्छ ।

(ग) **"आवेदक"** भन्नाले कार्यक्रममा प्रस्ताव पेश गर्ने कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थालाई सम्झनु पर्छ ।

(घ) **"कमाण्ड क्षेत्र"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएका कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरु भन्ने सम्झनु पर्छ ।

(ङ) **"कार्यक्रम"** भन्नाले आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(च) **"केन्द्र"** भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(छ) **"नर्सरी"** भन्नाले फलफूलका बिरुवाहरु उत्पादन गर्ने स्थान विशेषलाई सम्झनु पर्छ ।

(ज) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(झ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(ञ) **"प्रस्ताव"** भन्नाले आधुनिक फलफूल नर्सरी स्थापनार्थ सञ्चालन हुने कार्यक्रमहरुको लागि अनुदान प्राप्त गर्न आवेदकले पेश गरेको आवेदन तथा व्यवसायिक योजना सम्झनु पर्छ।

(ट) **"पूर्वाधार"** भन्नाले फलफुल बिरुवा उत्पादनका लागि निर्माण हुने टिस्यु कल्चर प्रयोगशाला, हाईटेक ग्रीन हाउस, सेमी-हाईटेक ग्रीन हाउस, स्क्रिन हाउस, नेचुरेली भेन्टिलेटेड नेट हाउस, ग्रीन हाउस र सेड हाउस आदि सम्झनु पर्छ ।

(ठ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ड) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ९ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ढ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमहरुको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उच्च प्रविधियुक्त फलफूल नर्सरी स्थापना तथा नर्सरी सुदृढीकरण गरी समयमा गुणस्तरीय फलफूलका बिरुवा आवश्यक परिमाणमा उत्पादन गर्ने,

(ख) फलफूल खेतीको व्यवसायिकरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने,

(ग) फलफूलको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(घ) न्यून आय भएका कृषकहरुलाई रोजगारी तथा आय आर्जनका अवसरहरू सिर्जना गरी जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्‍याउने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया देहाय अनुसार हुनेछ :**

(क) आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सञ्चालनको जिम्मेवारी निर्देशनालय र सम्बन्धित जिल्लाका केन्द्रको हुनेछ र कार्यक्रम सञ्चालन गर्न बाधा व्यवधान आएमा स्थानीय तहसँग समन्वयमा समेत गर्न सकिने छ ।

(ख) खण्ड (क) अनुसार आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्दा कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थालाई जिल्लागत (आन्तरिक) प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराइने छ ।

(ग) आवेदकले प्रस्ताव पेश गर्ने क्रममा आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्न कम्तिमा ५ रोपनी जमिन हुनु पर्नेछ ।

(घ) हाईटेक ग्रीन हाउस/ सेमी-हाईटेक ग्रीन हाउस/स्क्रिन हाउस/नेचुरेली भेन्टिलेटेड नेट हाउस भौगोलिक एंव प्राविधिक दृष्टिकोणले उपयुक्त डिजाइन स्टिमेट सहित तयार गरी पेश गर्नु पर्नेछ ।

५. <u>कार्यक्रम लागू हुने जिल्लाः</u> यो कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ मा चितवन(तराई भाग-१ र माथिल्लो भाग-१), मकवानपुर-१, काभ्रेपलाञ्चोक(कोशीवारी-१ र कोशीपारी-१), रामेछाप -२ र धादिङ्ग -१ गरी जम्मा ८ संख्यामा सञ्चालन गरिनेछ भने आगामी वर्षहरुमा



मा. दावा दोर्जे लामा
मन्त्री

कार्यक्रमको प्रभावकारिता तथा बजेट व्यवस्थाको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गर्न सकिनेछ ।

सूचना प्रकाशन: (१) निर्देशनालयले अनुसूची- १ बमोजिमको प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि इच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थाहरुले उक्त सूचनामा तोकिएको समयमा अनुसूची -२ अनुसारको निवेदन र कागजातहरु, अनुसूची -३ बमोजिमको प्रस्ताव तथा अनुसूची -४ बमोजिमको प्रतिबद्धता पत्र समेत संलग्न राखी सम्बन्धित केन्द्रमा निवेदन प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

७. प्रस्ताव मूल्याङ्कन, छनौट र सम्झौता: (१) दर्ता भएका प्रस्तावहरु दफा ९ बमोजिमको मूल्याङ्कन समिति मार्फत मूल्याङ्कन प्रक्रिया अघि बढाइने छ ।

(२) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा, प्राविधिक रुपमा अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अघि बढाइने छ ।

(३) स्वीकृत कार्यक्रमको परिधी भित्र रही अनुसूची -५ बमोजिम मूल्याङ्कनमा सबैभन्दा बढी अंङ्क प्राप्त गर्ने प्रस्तावहरु कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ ।

(४) कार्यक्रम सञ्चालन गर्ने अनुदानग्राहीसँग केन्द्रले आवश्यक शर्तहरु राखी अनुसूची-६ बमोजिम सम्झौता गर्नेछ ।

८. सञ्चालन हुने मुख्य मुख्य क्रियाकलाप र सहजीकरण: आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम अन्तर्गत सञ्चालन हुने मुख्य मुख्य क्रियाकलापहरु र सहजीकरण देहाय बमोजिम हुनेछ :-

| क.सं. | कार्यक्रमको विवरण | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | टिस्यु कल्चर प्रयोगशाला स्थापना | फार्म, कम्पनी, सहकारी संस्था | अनुदान रकम बढीमा ५० प्रतिशतसम्म हुने । |
| २ | हाइटेक ग्रीन हाउस निर्माण | फार्म, कम्पनी, सहकारी संस्था | |
| ३ | सेमी हाइटेक ग्रीन हाउस निर्माण | फार्म, कम्पनी, सहकारी संस्था | |
| ४ | पोली हाउस निर्माण | फार्म, कम्पनी, सहकारी संस्था | |
| ५ | प्लाष्टिक टनेल निर्माण | फार्म, कम्पनी, सहकारी संस्था | |
| ६ | नेचुरेली भेन्टिलेटेड नेट हाउस निर्माण | फार्म, कम्पनी, सहकारी संस्था | |
| ७ | स्क्रिन हाउस (screen house) निर्माण | फार्म, कम्पनी, सहकारी संस्था | |
| ९ | खुल्ला स्थानमा नर्सरी स्थापना र व्यवस्थापन | फार्म, कम्पनी, सहकारी संस्था | |
| १० | सिंचाई पूर्वाधार निर्माण (थोपा सिचाई, सोलार सिंचाई, फोहरा सिंचाई आदि) | फार्म, कम्पनी, सहकारी संस्था | |
| ११ | कृषि औजार उपकरण | फार्म, कम्पनी, सहकारी संस्था | |



मा. दावा दोर्जे लामा
मन्त्री

**<u>नोटः</u>** माथी उल्लेखित कार्यहरु मध्ये एक वा एक भन्दा बढी माग गर्न सकिने छ। तर अनुदान रकम बढीमा ५० लाख सम्म मात्र हुनेछ। साथै नर्सरीको पर्खाल, तारबेरमा प्रस्तावित बजेटको १०% सम्म छुट्याउन सकिनेछ ।

**<u>मूल्याङ्कन समितिः</u>** आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सञ्चालन तथा सहजीकरणका लागि केन्द्रमा देहाय बमोजिम एक मूल्याङ्कन समिति रहने छः-

| | | |
|---|---|---|
| (क) | प्रमुख वा निजले तोकेको अधिकृत, केन्द्र | संयोजक |
| (ख) | बागवानी विकास अधिकृत, केन्द्र | सदस्य |
| (ग) | कृषि अर्थ विज्ञ, केन्द्र | सदस्य |
| (घ) | प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र | सदस्य |
| (ङ) | प्रमुख, खरिद ईकाइ, केन्द्र | सदस्य-सचिव |

१०. **<u>मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन समितिले आफ्नो कमाण्ड क्षेत्रमा तोकिएको लक्ष्य अनुसार कार्य सञ्चालन गर्न कार्यविधि बमोजिम रितपूर्वक दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन गरी छनौटका लागि सिफारिस गर्ने ।

(ख) सञ्चालित कार्यको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत प्रदान गर्ने ।

(२) समितिले आवश्यकता अनुसार बढीमा २ (दुई) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

## परिच्छेद -३
## <u>बजेट खर्च सम्बन्धी व्यवस्था</u>

११. **<u>खर्च सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित ऐन तथा नियमावलीको परिधीमा रही सूचना प्रकाशन, अनुगमन, मूल्याङ्कन लगायतका कार्यका लागि कन्टिञ्जेन्सी बापत यसै कार्यक्रमका लागि विनियोजित बजेटको दुई प्रतिशत ननाघ्ने गरी सोही बजेटबाट व्यवस्थापन गरिनेछ ।

(२) अनुदानग्राहीलाई कामको प्रकृति अनुसार आवश्यक बील भर्पाई, कार्य सम्पन्न प्रतिवेदन पेश भए पश्चात बढीमा तीन किस्तामा सम्झौता बमोजिमको अनुदान रकम बैंक मार्फत उपलब्ध गराइने छ ।

(३) अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद -४
## अनुगमन तथा मूल्याङ्कन

१२. **अनुगमन तथा मूल्याङ्कनः** मन्त्रालय, निर्देशनालय र केन्द्रहरुबाट नियमित अनुगमन तथा निरीक्षण हुनेछ ।

१३. **प्रगति प्रतिवेदन पठाउनु पर्नेः** (१) अनुदानग्राहीले अनुसूची -७ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद -५
## विविध

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१६. **कारवाहीको व्यवस्थाः** अनुदानग्राहीले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -१

(दफा ६ सँग सम्बन्धित)

**आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडाको आ.व .......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम अन्तर्गत आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम (टिस्यु कल्चर प्रयोगशाला, स्क्रिन हाउस, सेड हाउस, सेमी हाईटेक ग्रीन हाउस, हाईटेक ग्रीन हाउस, नेचुरेली भेन्टिलेटेड नेट हाउस, पोली हाउस, प्लाष्टिक टनेल, थोपा सिंचाई, खुल्ला स्थानमा नर्सरी स्थापना तथा व्यवस्थापन र पुरानो नर्सरी सुदृढीकरण) मा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा.................................... जिल्लाका ईच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थाबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र अनुसूची -२ बमोजिमका कागजातहरु संलग्न राखी सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रहरुमा आवेदन एवम् प्रस्ताव बुझाउनु हुन अनुरोध छ। यस सम्बन्धमा थप जानकारीको लागि निर्देशनालय र सम्बन्धित केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

**पुनश्चः** आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्ज लामा
मन्त्री

अनुसूची -२

(दफा ६ सँग सम्बन्धित)

आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु

श्रीमान् प्रमुखज्यू,

कृषि ज्ञान केन्द्र, ... ... ... ... ।

मेरो फार्म/ कम्पनी/सहकारीबाट ... ... ... ... ... ... जिल्लाको ... ... ... ... ... गा.पा./ न.पा. को वडा नं. ... ... ... स्थानमा आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम (टिस्यु कल्चर प्रयोगशाला/ स्क्रिन हाउस/ सेड हाउस/ सेमी हाईटेक ग्रीन हाउस/ हाईटेक ग्रीन हाउस/ नेचुरेली भेन्टिलेटेड नेट हाउस/ पोलीहाउस/ प्लाष्टिक टनेल/ थोपा सिंचाई/ खुल्ला स्थानमा नर्सरी स्थापना र व्यवस्थापन/ पुरानो नर्सरी सुदृढीकरण) अन्तर्गत ... ... ... ... गर्ने लक्ष्य रहेकोले सो का लागि लागत अनुमान रु. ... ... ... ... सहित तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु/ गरेका छौं ।

संलग्न कागजातहरु:

१. रु. १०।- को टिकट टाँसेको अनुसूची-२ अनुसारको निवेदन,
२. कम्तीमा ५ रोपनी क्षेत्रफल नर्सरी सम्बन्धी कार्यक्रमको लागि उपलब्ध गराउने प्रतिबद्धता पत्र,
३. कार्यक्रम सञ्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा चक्लाबन्दी भएको वा जग्गा एकै ब्लक तथा सीमा जोडिएको हुनु पर्ने,
४. प्रस्तावकका तर्फबाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको व्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपी,
५. अनुसूची-३ अनुसार तयार गरिएको प्रस्ताव र अनुसूची -४ बमोजिमको प्रतिबद्धता पत्र,
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
७. फार्म/ कम्पनी/ सहकारीको दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,
८. जग्गाको लालपूर्जा वा करारमा लिएको भए सो को आधिकारिक पत्रको प्रतिलिपी र न्यूनतम १०(दश) वर्षको करार सम्झौता गरेको हुनु पर्ने,
९. संलग्न हुने प्राविधिकहरुको व्यक्तिगत विवरण तथा तालीम/ अनुभवको प्रमाणपत्रको प्रतिलिपी,
१०. संरचनाको डिजाइन तथा लेआउट एवम् आपूर्तिकर्ताको कोटेशन इष्टिमेट तथा आपूर्तिकर्ताको तर्फबाट कम्तीमा १ वर्षसम्म मर्मत संभार एवं प्राविधिक सहयोग गर्ने प्रतिबद्धता पत्र,
११. सहकारीको हकमा प्रत्येक सदस्यको फलफूल खेतीको विवरण,
१२. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे नरहेको प्रमाण प्रमाणित कागजात,
१३. फार्म, कम्पनी तथा सहकारीले व्यहोर्ने योगदान प्रतिशतको भरपर्दो आधारको रुपमा आवेदकको नाममा रहेको बैंक तथा वित्तीय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर वा बैंकको लगानी गर्ने Letter of intent।

निवेदक

दस्तखत:

नाम थर:

पद:

फार्म/कम्पनी/सहकारी:

ठेगाना:

फार्म/संस्थाको छाप:



मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -३

(दफा ६ सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

खण्ड (क)

प्रस्तावित उपआयोजनाको सारांश

| | |
|---|---|
| उप-आयोजनाको नामः | जस्तैः वर्षे फलफूलको नर्सरी स्थापना एवं व्यवस्थापन |
| नर्सरी स्थापनामा समावेश हुन सक्ने फलफूलका विरुवाहरु | जस्तैः सुन्तला, कागती, आँप, लिची, स्याउ, नास्पाती, स्ट्रबेरी, किवी, अम्बा, नासपाती, आरु, आरुबखडा, जैतुन, सितलचिनी आदी । |
| संरचना निर्माण/कार्य गर्न खोजेको प्रकार (चिन्ह लगाउने) | टिस्यू कल्चर प्रयोगशाला |
| | हाइटेक ग्रीन हाउस |
| | सेमी हाईटेक ग्रीन हाउस |
| | सेड हाउस |
| | पोली हाउस |
| | प्लाष्टिक टनेल |
| | थोपा सिंचाई/ सिंचाई |
| | स्क्रिन हाउस |
| आवेदकको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्षः | |
| मु. अ. कर स्था. ले. नं. र दर्ता वर्षः | |
| बैंक खाता विवरणः | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.<br>खाता संचालकको नामः |
| आवेदकको परिचय तथा अनुभव | अनुभव र योग्यता सम्बन्धित यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| प्रस्तावित व्यवसायको सार संक्षेप | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| उपआयोजना सञ्चालन स्थलः | जिल्लाः<br>म.न.पा उ.प.न.पा . न.पा . गा.पा.<br>वडा नं. |



मा. दावा दोर्जे लामा
मन्त्री

| | |
|---|---|
| | स्थानः |
| वर्तमान क्रियाकलापहरु | |
| प्रस्तावित उप-आयोजनाको प्रमुख उद्देश्य | |
| प्रस्तावित उप-आयोजनाका मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु |

**खण्ड (ख)**

**२. व्यवसायको विवरणः**

| |
|---|
| **२.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्ट्याइ** |
| ५०० शब्द नघटाई व्यवसायको छोटकरी विवरण जसमा नाम, मुख्य काम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामना गरिरहेका समस्याहरु, पहिचान गरिएका अवसरहरु, कृषि सामग्रीको उपलब्धता, प्रस्तावित कार्य, यसको प्रभाव, मुख्य बजार, सम्भावित आम्दानी र कृषकलाई प्रस्तावित उपआयोजनाबाट हुने फाइदाहरु उल्लेख गर्ने । |
| **२.२ समस्याहरु, अवसर तथा प्रस्तावित क्रियाकलापहरु** |
| प्रस्तावित उप आयोजनाका प्रमुख समस्या तथा अवसरहरु तथा तिनमा आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउँछ र अवसरहरुको उचित उपयोग हुनेछ । |

| **समस्याहरु** | **अवसरहरु** |
|---|---|
| १<br>२<br>३<br>४ | |

| |
|---|
| **२.३ प्रस्तावित क्रियाकलापहरु**<br>बढिमा ५०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहोस (के, कसरी, कसले, कहाँ गर्ने ?)<br>क्रियाकलाप १<br>क्रियाकलाप २<br>क्रियाकलाप ३<br>क्रियाकालप ४<br>................ |
| **२.४ प्राप्त गर्न खोजिएको नतिजा/प्रतिफलः** |

| प्रतिफल सूचक | उप-आयोजनाको लक्ष्य |
|---|---|
| प्रस्तावित संरचना/ नर्सरी भित्रको क्षेत्रफल र उत्पादन हुने बिरुवा संख्या | ... ... रो/ ... ... संख्या |
| बिरुवा बिक्री परिमाण | ... ... ... संख्या/वर्ष |

१

मा. दावा दो... लामा
मन्त्री

| | |
|---|---|
| आम्दानीमा वृद्धि | रु. ... ... वर्ष |
| रोजगारी वृद्धि | ... जना स्वरोजगार, ... जना वर्षै भरी रोजगार, ... जना वा कार्यदिन आंशिक रोजगार |

**२.५ प्रस्तावित पूर्वाधार, डिजाइन तथा इष्टिमेटः**

यसमा प्रस्तावित पूर्वाधारहरु जस्तै टिस्यु कल्चर प्रयोगशाला,स्क्रिन हाउस, सेड हाउस, सेमी हांईटेक ग्रीन हाउस, हाईटेक ग्रीन हाउस, पोलीहाउस, प्लाष्टिक टनेल, थोपा सिंचाई र सिंचाई जस्ता पूर्वाधारहरु तथा तिनको संख्या, लम्बाई, चौडाई, उचाई, आकार तथा डिजाइन एवम् इष्टिमेटको बारेमा उल्लेख गर्ने र व्यवसायिक योजनाको पछाडी संलग्न राख्ने।

**२.६ कार्य सञ्चालन क्षमता र अनुभव**

**२.६.१ अनुभवः**

यसमा प्रस्तावकको प्रस्तावित क्रियाकलाप गरेको अनुभवको अवधि, प्राप्त गरेका तालीमको विवरण, उत्पादन, बाली संरक्षण तथा व्यवस्थापन एवं बजारीकरण सम्बन्धी जानकारी, आपूर्तिकर्ता (कृषि सामग्री आपूर्तिकर्ता), सेवा प्रदायक एवं विक्रेता बीचको सम्बन्ध आदि उल्लेख गर्नु पर्दछ ।

**२.६.२ उपलब्ध पूर्वाधारहरु, यन्त्र तथा औजारहरु, मानव संशाधन**

| पूर्वाधार | पूर्वाधारको विवरण, किसिम, संख्या, आकार |
|---|---|
| जमिन | |
| फार्म हाउस | |
| स्टेर /सेड | |
| ............. | |

**२.६.३ जनशक्ति**

| किसिम | | संख्या | पुरुष | महिला | जनजाति |
|---|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालिन | | | | |
| | आशिंक | | | | |
| व्यवस्थापकीय | पूर्णकालिन | | | | |
| | आशिंक | | | | |
| श्रमिक | वर्षभरी | | | | |
| | आवश्यकता अनुसार | | | | |

**२.६.४ कार्यतालिका**

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

खण्ड (ग)

३. बिक्री तथा आम्दानी विवरणः

३.१ बिक्री आम्दानी प्रक्षेपणः

| क्र.सं. | उत्पादित फलफूलका बिरुवा किसिम र जात | इकाई | परिमाण | मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

खण्ड (घ)

४. व्यवस्थापन योजनाः

४.१ कृषि सामग्री तथा सेवा खरिद योजनाः

| क्र.सं. | विवरण | इकाई | परिमाण | बिरुवा जात वा प्रकार/ कृषि सामग्री | आपूर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४.२ जोखिम व्यवस्थापनः

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृति र व्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

प्रस्तावक संस्थाको नामः

ठेगानाः

दस्तखत (अधिकार प्राप्त व्यक्तिको)

मितिः

संस्थाको छापः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

अनुसूची –४

(दफा ६ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

..........................को मिति............................को सूचना अनुसार आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

## अनुसूची -५
(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कन मापदण्ड**

पूर्णाङ्क - १००
उत्तिर्णाङ्क -५०

| क्र.स. | सूचक | अंङ्क | कैफियत |
|---|---|---|---|
| १. | **संरचना निर्माण तथा नर्सरी स्थापनाका लागि प्रस्तावित जमिनको उपयुक्तता** | १० | स्थानीय तहको सिफारिस |
| १.१ | सडक, सिचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको | १० | |
| १.२ | बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | ५ | |
| २. | **निर्माण हुने संरचनाको क्षेत्रफल** | १५ | प्रमाण पेश गर्नुपर्ने |
| २.१ | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा १०० प्रतिशत वा सो भन्दा बढी | १५ | |
| २.२ | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल वा सो भन्दा बढी | १० | |
| ३. | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १० | बैंक तथा बित्तीय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर वा बैंकको Letter of Intent |
| ३.१ | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० | |
| ३.२ | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ | |
| ४. | **व्यवसायिक योजना** | २० | आवेदकले पेश गर्नु पर्ने । |
| ४.१ | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो तथा प्रष्ट | २० | |
| ४.२ | व्यबसायिक दृष्टिले कम मुनाफामूलक, कम दिगो तथा अस्पष्ट | १५ | |
| ४.३ | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अलि अव्यवहारिक | १० | |
| ५. | **आवेदकको प्राविधिक क्षमताको अवस्था** | १५ | प्रमाणपत्र पेश गर्नुपर्ने। |
| ५.१ | स्नातक(संचालक/सेयर होल्डर ) | १५ | |
| ५.२ | डिप्लोमा / आइ.एस्सी.एजी / जे.टी / जे.टी.ए/ कम्तिमा २ बर्ष अनुभव | १० | |
| ५.३ | अपर्याप्त प्राविधिक ज्ञान | ५ | |
| ६. | **जमिनको अवस्था** | ३० | लालपूर्जा र करारनामा प्रमाणपत्र पेश गर्नुपर्ने । |
| ६.१ | आफ्नै नाममा | ३० | |
| ६.२ | प्रोप्राईटर संचालकको नाममा | २५ | |
| ६.३ | १० बर्ष वा बढीको करारमा | २० | |
| | **कूल जम्मा** | १०० | |

**७. स्थलगत निरीक्षणको सूचकहरुः**

| | | | | |
|---|---|---|---|---|
| ७.१ | सडक सुविधा(छ/छैन) | ७.५ | नजिकको बजारको नाम | |
| ७.२ | कस्तो सडक छ (कच्चि/पक्की) | ७.६ | बजार सम्मको दुरी (कि.मी.) | |
| ७.३ | बिजुलीको सुविधा (छ/छैन) | ७.७ | सदरमुकाम देखिको दुरी(कि.मी.) | |
| ७.४ | खानेपानीको सुविधा (छ/छैन) | ७.८ | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरूलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंङ्क प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -६

(दफा ७ सँग सम्बन्धित)

## सम्झौता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र,............बाट सञ्चालन हुने चालु आ.व................को आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्न मिति........................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको मिति......................को निर्णयले जम्मा लागत रु...................... (अक्षरेपी...................................................................मात्र) मध्ये कार्यालयबाट अनुदान रकम रु............................(अक्षरेपी ..........................................................................मात्र) हुनेगरी कृषि ज्ञान केन्द्र.............(यस भन्दा पछाडी पहिलो पक्ष भनिने), र ...................... फार्म/कम्पनी तथा सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

| क्र.सं. | क्रियाकलाप | जम्मा लागत | कार्यक्रमबाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता पत्र आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र.............(यस भन्दा पछाडी पहिलो पक्ष भनिने), र ..................... फार्म/कम्पनी तथा सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) का बीच आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. यो सम्झौता, सम्झौताकारी दुबै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।

३. दोश्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु कार्ययोजना बमोजिम गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ।

५. दोश्रो पक्षले ..............................कार्यक्रम सञ्चालन गर्न कम्तीमा ................क्षेत्रफल उपलब्ध हुनुपर्नेछ ।

६. पहिलो पक्षले सम्झौतामा उल्लेख भए अनुसारको अनुदान रकम बढीमा ३(तीन) किस्तामा उपलब्ध गराउनुपर्नेछ। अन्तिम किस्ता वा एकैचोटी किस्ता भुक्तानी गर्ने अवस्थामा कार्य सम्पन्न भएको अन्तिम बील भर्पाईको साथमा प्राविधिकबाट मूल्याङ्कन गराई कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा Visual) को आधारमा रकम उपलब्ध गराईनेछ ।

७. पहिलो किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा २० (बीस) प्रतिशत कार्य गरेको हुनु पर्नेछ ।

८. अनुदान बापत रु ............ (अक्षरेपी..................................................मात्र) मा नियमानुसार करकट्टी गरी पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी दिनेछ ।

९. दोश्रो पक्षले सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादीको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्नु पर्नेछ ।

१०. पहिलो पक्षले दोश्रो पक्षलाई आधुनिक फलफूल नर्सरी विकास तथा विस्तार कार्यक्रम सम्बन्धी आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गर्नेछ । तर दोश्रो पक्षले आवश्यकता अनुसार अन्य व्यक्ति वा संघ संस्थाबाट समेत प्राविधिक सेवा सल्लाह लिन सक्नेछ ।

११. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नेछ ।

१२. यो सम्झौता अनुसार तोकिएको अवधिमा कार्य सम्पन्न गर्नुपर्नेछ, नगरेमा पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी दिन बाध्य हुनेछैन ।

१३. दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१४. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**पहिलो पक्षः**
कृषि ज्ञान केन्द्र.............को तर्फबाट
नाम, थर :
पदः
दस्तखतः
मितिः
कार्यालयको नाम र छापः

**दोश्रो पक्षः**
फार्म/कम्पनी/संस्था तथा
समूह/सहकारीको तर्फबाट
नाम, थर :
पदः
दस्तखतः
मितिः
संस्थाको नाम र छापः

**साक्षीहरुः**

नाम, थर :
पदः
दस्तखतः
मितिः
कार्यालयको नाम र ठेगाना:

नाम, थर :
पदः
दस्तखतः
मितिः
संस्थाको नाम र ठेगाना:

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -७

(दफा १३ सँग सम्बन्धित)

प्रगति प्रतिवेदनको ढाँचा

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

कार्यक्रम सञ्चालन अवधिः

| क. स. | कार्यक्रम को नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/ चौमासिक/ अर्धवार्षिक/ वार्षिक/ अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

कार्यक्रम प्रमुख

दस्तखतः

नामः

पदः